# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545271, 033-545238
Toll Free No. 16603352333


पत्र संख्या :- २०७९।०८०
चलानी नं. :-

मिति:२०७९।०४।०५

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७९।०४।०५)

धनगढीमाई नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०७९।०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव:**
   (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,
   (ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
   (ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

२. **दरखास्त दिने स्थान:** धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, सिरहा ।

३. **दरखास्त दिने अन्तिम मिति:** २०७९।०४।१९ गते

४. **आवेदनको दस्तुर:** रु.५००।– (पाँच सय मात्र)

५. **छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

६. **आवेदन साथ संलग्न कागजातहरु:** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   (क) नागरिकता प्रमाणपत्र
   (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   (ग) चारित्रिक प्रमाणपत्र
   (घ) तालिमको प्रमाणपत्र
   (ङ) अनुभव भए सोको कागजात
   (च) २ प्रति पासपोर्ट साइजको फोटो

७. **सेवा सुविधा तथा अन्य:** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ । (आवेदन फारम र रोजगार सहायक पदको कार्य विवरण, पाठयक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय वा यस धनगढीमाई नगरपालिकाको वेवसाइट www.dhangadhimaimun.gov.np बाट उपलब्ध हुनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत